SOS CHILDREN'S VILLAGES

नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना !

यस विद्यालयमा **शैक्षिक सत्र - २०८३** का लागि **प्रारम्भिक बाल विकास तह नर्सरी, कक्षा ६ र कक्षा ७** मा नयाँ विद्यार्थी भर्ना आवेदन खुलेको जानकारी गराइन्छ ।

मितिः २०८२ चैत्र १५ गते

प्रारम्भिक बाल विकास तह नर्सरी	कक्षा ६ र कक्षा ७
आवेदन प्रक्रिया: इच्छुक अभिभावकले २०८२ चैत्र १५ गतेदेखि चैत्र २३ गते दिउँसो २:०० बजेसम्म विद्यालयमा उपस्थित भई आवेदन फाराम भरी बुझाउनु पर्नेछ। आवेदन दिन **प्रवेश परीक्षा शुल्क रू २००।- (दुई सय)** मात्र यस विद्यालयको नाममा (क) नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड खाता नम्बर ००२०५०३००१८३७८ **वा** (ख) एनआइसी एसिया बैंक खाता नम्बर ४४४१३७१२२८५२४००२ मा जम्मा गरी उक्त **भौचरको सक्कल प्रति अवेदन फाराम** बुझाउँदा अनिवार्यरुपमा पेस गर्नु पर्नेछ। आवेदक बाबुनानीहरूको उमेर २०८३ वैशाख १५ गतेसम्म ३$\frac{१}{२}$ वर्ष पूरा भई ४$\frac{१}{२}$ वर्ष ननाघेको हुनुपर्नेछ। **आवश्यक कागजातहरू:** • जन्मदर्ता प्रमाणपत्रको फोटोकपी • विद्यार्थीको हालसालै खिचिएको २ प्रति पासपोर्ट साइजको फोटो **छनौट प्रक्रिया:** गोलाप्रथा मिति: २०८२ चैत्र २८ गते, शनिबार समय: बिहान ९:०० बजेदेखि स्थान: एसओएस हर्मन माइनर विद्यालय सानोठिमी	**आवेदन प्रक्रिया:** इच्छुक अभिभावकले २०८२ साल चैत्र १५ गतेदेखि चैत्र २३ गते अपराह्न ४:०० बजेसम्म www.soshgssanothimi.edu.np मा उपलब्ध लिंक **Apply Online** बाट आवेदन फाराम भरी बुझाउनु पर्नेछ। उक्त link बाट आवेदन फाराम भर्न समस्या भएमा विद्यालय प्रसाशन शाखाबाट टेलिफोन नम्बर ०१६६३०४९१ मार्फत सहयोग लिन सकिनेछ। **प्रवेश परीक्षा शुल्क रू २००।- (दुई सय)** मात्र **online** फाराम भरिसकेपछि उपलब्ध हुने **Make your Payment** बाट तिर्नु पर्दछ। तत्पश्चात **प्रवेश पत्र Download** गरी **Print** गर्नु हुन अनुरोध छ। **आवश्यक कागजातहरू:** • विद्यार्थीको हालसालै खिचिएको सेतो पृष्ठभूमि भएको पासपोर्ट साइजको डिजिटल फोटो • विद्यार्थीको सेतो पृष्ठभूमिमा लेखिएको डिजिटल हस्ताक्षर • आवेदन दिने अघिल्लो कक्षाको अन्तिम वा दोश्रो वा तेश्रो त्रैमासिक परीक्षाको ग्रेडसिटको फोटोकपी **प्रवेश परीक्षा:** कक्षा ६: मिति: २०८२ चैत्र २५ गते, बुधबार दिउँसो १२: ३० बजेदेखि अपराह्न २: ३० बजेसम्म कक्षा ७: मिति: २०८२ चैत्र २५ गते, बुधबार समय: अपराह्न ३:०० बजेदेखि ५:०० बजेसम्म स्थान: एसओएस हर्मन माइनर विद्यालय सानोठिमी पूर्णाङ्कः ६० विषयहरू: अङ्ग्रेजी, विज्ञान र गणित

नतिजा प्रकाशन: २०८२ चैत्र २८ गते शनिवार अपराह्न ५:०० बजेपछि

- छात्रवृत्ति आवश्यक भएका लक्षित समूहका बालबालिकाहरू (अभिभावकत्व गुमाएका वा गुमाउने जोखिममा रहेका, सामाजिक तथा आर्थिक रुपमा पिछडिएका) का अभिभावकहरूले छुट्टै निवेदन तथा आधिकारिक निकायबाट प्राप्त आवश्यक कागजातहरू सक्कल प्रति आफै उपस्थित भई विद्यालयमा पेस गर्नु पर्नेछ।
- माथि उल्लिखित कार्यक्रम कारणवश परिवर्तन भएमा विद्यालयको वेबसाइट www.soshgssanothimi.edu.np मा जानकारी गराइने भएकाले प्रवेश परीक्षाका लागि विद्यालय आउनु पूर्व कार्यक्रम परिवर्तन भए नभएको सुनिश्चित गर्न अनुरोध छ।

एसओएस बालग्राममा संरक्षित बालबालिका तथा एसओएस बालग्राम नेपाल अन्तर्गत कार्यरत कर्मचारीहरुका बालबालिकाका लागि स्थान सुरक्षित गरिए पश्चात बाँकी स्थानमा देहाय बमाजिम हुनेछ।

क)	दलित समुदायका बालबालिकाहरु मध्ये	५ %
ख)	सीमान्तकृत एवम् आर्थिक रुपले विपन्न, एकल महिला, अपाङ्गता भएका व्यक्तिका बालबालिका मध्ये	१० %
ग)	अल्पसंख्यक एवम् लोपोन्मुख समुदायका बालबालिकाहरु मध्ये	७ %
घ)	आर्थिक रुपले विपन्न तथा जेहेन्दार स्थानीय समुदायका बालबालिकाहरु मध्ये मध्यपुर थिमी नगरपालिकाले सिफारिस गरेका मध्ये	१० %
ङ)	खुल्ला तर्फ बाँकी	६८ %

प्रधानाध्यापक
एसओएस हर्मन माइनर माध्यमिक विद्यालय सानोठिमी
मध्यपुर थिमी नगरपालिका-०२, सानोठिमी, भक्तपुर